घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३२औं बैठकको निर्णयहरु

मिति २०८१।३।३०

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।३।८ गते बसेको गाउँ कार्यपालिकाको ३१औं बैठकमा जम्मा १३ वटा निर्णयहरु भएकोमा गाउँसभाको १४औं अधिवेशनमा पेश हुने प्रस्तावहरु बारे निर्णय भएको थियो । निर्णय भएका अन्य विषयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

बजेट परिमार्जन सहित संशोधित बजेट सभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठकबाट छलफलको लागि कार्यालयपालिकामा पठाईएको आगामी आ.ब. २०८१।८२ को आर्थिक विद्येयक, २०८१ र विनियोजन विद्येयक, २०८१ मध्ये विनियोजन विद्येयक, २०८१ मा केही संशोधनका प्रस्तावहरु प्राप्त भएकोले संशोधित बजेट सहित मिति २०८१।३।३१ गते बस्ने गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

आवधिक योजना निर्माण, एयरपोर्टमा स्मार्ट शौचालय निर्माण योजना र ठिनी खोल्सी योजनाको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

चालु आ.ब.को स्वीकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु सञ्चालन भई विभिन्न कारणवश सम्पन्न हुन केही समय लाग्ने देखिएकोले योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ठेकेदार र संस्थाको म्याद थपको अनुरोध मनासिव देखिएकोले निम्नानुसार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | ठिनी खोल्सी संरक्षण योजना | ठिनी | २०८१, श्रावण मसान्त सम्म | |
| २ | एयरपोर्टको स्मार्ट शौचालय निर्माण | पुथाङ | २०८१, श्रावण मसान्त सम्म | |
| ३ | आवधिक योजना निर्माण | गाउँपालिका | २०८१, भाद्र २९ सम्म | |

निर्णय प्रमाणित

०८१।०३।३०

प्रस्ताव नं. ४ :-

कर्मचारी तलबी प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. ४ :-

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको चालु आ.ब. २०८०।८१ को तलबी प्रतिवेदन अनुमोदन गर्ने र आगामी आ.ब. २०८१।८२ को तलबी प्रतिवेदन स्वीकृतिको लागि गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ५ :-

सेवा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

निर्णय नं. ५ :-

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद यही २०८१ साल असार मसान्तमा समाप्त हुने र "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८" बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन हुँदा कार्यसम्पादन सन्तोषजनक देखिएकोले तपसिल बमोजिमका करारमा कार्यरत कर्मचारीहरुको करार म्याद २०८१ साल श्रावण १ गते देखि लागु हुने गरी २०८१ साल पौष मसान्त सम्म ६ महिनाको लागि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| सि.नं | कर्मचारीको नाम, थर | पद. | तह | कैफियत |
|---|---|---|---|---|
| घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु | | | | |
| १ | श्री सुजिता थकाली | सूचना प्रविधि अधिकृत | छैटौं | |
| २ | श्री रोशन थकाली | कृषि अधिकृत | छैटौं | |
| ३ | श्री सुस्मिता नेपाली | एम.आइ.एस. अपरेटर | पाँचौं | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण |
| ४ | श्री नविन्द्र थकाली | फिल्ड सहायक | चौथो | ,, |
| ५ | श्री शर्मिला श्रीस | रोजगार संयोजक | पाँचौं | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ६ | श्री सन्देश थकाली | प्राविधिक सहायक | पाँचौ | ,, |
| ७ | श्री सविना थकाली | सहायक | चौथो | |
| ८ | श्री सन्दिप गुईदे | ना.प्रा.स. | चौथो | |
| ९ | श्री स्मृति रोका | उद्यम विकास सहजकर्ता | चौथो | |
| १० | श्री पुजन नेपाली | नगर प्रहरी हवल्दार | चौथो | |
| ११ | श्री रोशनी वि.क. | नगर प्रहरी जवान | श्रेणी विहिन | |
| १२ | श्री साजन वि.क. | नगर प्रहरी जवना | श्रेणी विहिन | |
| १३ | श्री सुरेश परियार | ह.स.च. | श्रेणी विहिन | |
| १४ | श्री सुशील नेपाली | ह.स.च. | श्रेणी विहिन | |
| १५ | श्री रेखा थकाली | कार्यालय सहयोगी | श्रेणी विहिन | |
| १६ | श्री धनमाया परियार | सरसफाई सहयोगी | श्रेणी विहिन | २ नं. वडा कार्यालय |
| १७ | श्री आइत कुमारी थकाली | सरसफाई सहयोगी | श्रेणी विहिन | ३ नं. वडा कार्यालय |

निर्णय प्रमाणित

०८१।०३।२०

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री कल्पना वि.क. | सरसफाई सहयोगी | श्रेणी विहिन | ४ नं. वडा कार्यालय |
| १९ | श्री लिलादेवी कडेल | कार्यालय सहयोगी | श्रेणी विहिन | |
| २० | श्री सुनिल परियार | कार्यालय सहयोगी | श्रेणी विहिन | १ नं. वडा कार्यालय |
| २१ | श्री माया नेपाली | कार्यालय सहयोगी | श्रेणी विहिन | मार्फा स्वास्थ्य चौकी |
| स्वास्थ्य तर्फ :- | | | | |
| २२ | श्री सुनिता पुन | अ.न.मी. | चौथौ | मार्फा स्वास्थ्य चौकी |
| २३ | श्री नेहा थकाली | हे.अ. | पाँचौं | मार्फा स्वास्थ्य चौकी |
| २४ | श्री प्रदिप थकाली | ल्याब असिस्टेन्ट | चौथो | मार्फा स्वास्थ्य चौकी |
| २५ | श्री सिर्जना वि.क | अ.हे.ब. | चौथौ | स्याङ आ.स्वा.केन्द्र |
| २६ | श्री कुन्साङ ल्हामो थकाली | अ.न.मी. | चौथो | चिमाङ आ.स्वा.केन्द्र |
| २७ | श्री विनिता परियार | अ.हे.ब. | चौथो | चिमाङ आ.स्वा.केन्द्र |
| २८ | श्री आसमाया (खाती नेपाली) परियार | अ.न.मी. | चौथो | स्याङ आ.स्वा.केन्द्र |
| २९ | श्री च्याङ बहादुर थकाली | अ.हे.ब. | चौथो | जोमसोम स्वास्थ्य चौकी |
| ३० | श्री एलिना थकाली | स्टाफ नर्स | पाँचौं | मार्फा स्वास्थ्य चौकी |

**प्रस्ताव नं. ६ :-**

कार्यपालिकाको निर्णय बमोजिम चालु आ.ब. २०८०।८१ मा भएको खर्च अनुमोदनको लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

चालु आ.ब. २०८०।८१ मा गाउँसभाबाट अनुमोदन गर्ने गरी गाउँ कार्यपालिकाको निर्णय अनुसार बजेट विनियोजन भई सम्पन्न भएका तपसिल बमोजिमका योजनाहरु तथा कार्यक्रमहरुको खर्च अनुमोदनको लागि गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | निर्णय, योजना तथा कार्यक्रमको विवरण | निर्णय मिति र नम्बर | निर्णय रकम | खर्च व्यहोर्ने शिर्षक |
|---|---|---|---|---|
| १ | आँखा शिविर खाजा खर्च | २०८०।४।११, नि.नं.४ | १४२७०.०० | विविध खर्च |
| २ | ४ नं. वडा कार्यालय भवन रंगरोगन | २०८०।४।३२, नि.नं. १ | २०००००.०० | वडा कार्यालय व्यवस्थापन |
| ३ | अध्यक्ष र उपाध्यक्षको कार्यकक्षमा फिटिङ भएको बुट्टेदार काठको फ्रेमको भुक्तानी | २०८०।४।३२, नि.नं. ५ | १२००००.०० | विविध खर्च |
| ४ | गणेश मन्दिर जाने रेलिङ सहितको बाटो निर्माण, ढुङ्गा छपनी र रेलिङ लगाउने | २०८०।५।२९, नि.नं.२ | ४३५६१८.९४ | समपूरक कोष |
| ५ | ईन्भरटरको विद्युत लाइन, ईन्टर लाईनको तार र सकेटहरु व्यवस्थापन कार्य | २०८०।५।२९, नि.नं.३ | ८४७२२।०८ | विविध खर्च |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि औजार खरिद | २०८०।५।२९, नि.नं.४ | ४००००.०० | विविध खर्च |

निर्णय प्रमाणित

०८१।०३।३०

| | | | | |
|---|---|---|---|---|
| ७ | चिमाङ सिचाई योजनाको कुलो मर्मत | २०८०।५।२९,नि.नं.८ | ६५०००.०० | विविध खर्च |
| ८ | टेवानको तीज सौस्कृतिक महोत्सव आर्थिक सहयोग | २०८०।५।२९,नि.नं.९ | ५००००.०० | विविध खर्च |
| ९ | विपद राहत सहयोग, कागबेनी | २०८०।५।२९,नि.नं.१० | ५०००००.०० | आकस्मिक कोष |
| १० | पुथाङमा रहेको भवनको सिढी मर्मत कार्य | २०८०।७।१९,नि.नं.७ | ६१२६६.२७ | सार्वजनिक सम्पत्ति मर्मत सम्भार कोष |
| ११ | साझेदारी कार्यक्रम | | | |
| | १) आगो निभाउने सिलिण्डर-ग्यास राखे कार्यक्रम | २०८०।७।१९,नि.नं.८ | २०१७५०.०० | साझेदारी कार्यक्रम |
| | २) सिसिटिभी क्यामेरा जडान कार्यक्रम | २०८०।७।१९,नि.नं.८ | ३६८०००.०० | साझेदारी कार्यक्रम |
| | ३) जोमसोम एयरपोर्ट क्षेत्रमा विद्युत लाईन भुमिगत गर्ने योजना | २०८०।७।१९,नि.नं.८ | ४१२५००.०० | साझेदारी कार्यक्रम |
| १२ | छैरो-चिमाङ सडक खण्डमा भासिएको बाटो मर्मत | २०८०।७।१९,नि.नं.९ | ५१०००.०० | विपद् व्यवस्थापन कोष |
| १३ | १ र ५ नं. वडा कार्यालयको कम्पाउण्डवाल पुरा गर्ने | २०८०।७।१९,नि.नं.१० | ८८४१२८.६८ | विविध तथा अन्य पूर्वाधार बजेट |
| १४ | जिल्ला प्रहरी कार्यालयको हाता भित्र सार्वजनिक शौचालय निर्माण | २०८०।७।१९,नि.नं.१२ | ५१७८३५.५७ | विविध तथा अन्य पूर्वाधार बजेट |
| १५ | जोमसोम काठेपुल मर्मत तथा सौन्दर्यकरण | २०८०।७।१९,नि.नं.१६ | ३४६२९३.६४ | विविध तथा अन्य पूर्वाधार बजेट |
| १६ | जाजरकोट भुकम्प पीडित आर्थिक सहयोग | २०८०।७।१९,नि.नं.१७ | २०००००.०० | विपद् व्यवस्थापन कोष |
| १७ | बेलीकृज डि.पी.आर. | २०८०।८।२०,नि.नं.३ | ४९५०००.०० | परामर्श शिर्षक |
| १८ | सडक बोर्डको नपुग रकम | २०८०।८।२०,नि.नं.४ | ६७५०००.०० | समपूरक कोष |
| १९ | छैरो-तिब्बतियन क्याम्प जाने बाटो मर्मत | २०८०।८।२०,नि.नं.७ | २०९००.०० | प्रकोप व्यवस्थान कोष |
| २० | बसपार्क गेट मर्मत तथा RCC ढलान | २०८०।८।२०,नि.नं.८ | ८१४६८०.६६ | विविध तथा अन्य पूर्वाधार बजेट |
| २१ | शालीग्राम पार्क बेन्च मर्मत | २०८०।८।२०,नि.नं.१० | २७६७४.३० | विविध खर्च |
| २२ | कुकुर बन्ध्याकरण | २०८०।९।१३,नि.नं.५ | ३७३१००.०० | अन्य कार्यक्रम खर्च |
| २३ | साईन बोर्ड फिटिङको भुक्तानी | २०८०।९।१३,नि.नं.६ | ४५९८०.५९ | विविध खर्च |
| २४ | बसपार्क व्यवस्थापनको थप काम | २०८०।११।२२,नि.नं.४ | ९९३८८२.५५ | विविध तथा अन्य पूर्वाधार बजेट |
| २५ | होम ईलेक्ट्रिकलाई बिजुलीको सामानको बिल भुक्तानी | २०८१।१।२३,नि.नं.७ | १५८४९६.०० | कन्टिजेन्सी |
| २६ | छैरो भत्केको बाटो व्यवस्थापन | २०८१।२।२७,नि.नं.२ | ३९४६५.४१ | अन्य पूर्वाधार खर्च |
| २७ | मार्फा-छैरो बेलीबृज | २०८१।२।२७,नि.नं.२क | २४००५०८.१० | मार्फा-छैरो बेलीबृज |
| २८ | ईन्फ्रारेड चुलोको अपुग रकम | २०८१।२।२७,नि.नं.४ | २६००००.०० | समपूरक कोष/अन्य पूर्वाधार शिर्षक |

निर्णय प्रमाणित
०८१।०३।२०

| | | | | |
|---|---|---|---|---|
| २९ | ४ नं. वडाको बाल उद्यान व्यवस्थापन | २०८१।२।२७,नि.नं.५ | ४७०१२.०० | अन्य पूर्वाधार खर्च |
| ३० | वातावरणमैत्री झोला खरिद | २०८१।३।८,नि.नं.५ | १५००००.०० | फोहरमैला व्यवस्थापन |
| ३१ | कर्मचारीको प्रोत्साहन | २०८१।३।८,नि.नं.९ | ९९५०००.०० | |
| ३२ | १नं. वडा कार्यालयको कोठा व्यवस्थापन तथा मर्मत संभार | २०८१।३।८,नि.नं.१० | ८७५३२.८८ | अन्य कार्यक्रम खर्च |
| | कुल जम्मा | | १२०५१८९५.५९ | |

**प्रस्ताव नं. ७ :-**
आर्थिक सहायता सम्बन्धी कार्यविधि सम्बन्धमा ।

**निर्णय नं. ७ :-**
गाउँसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक सहायता उपलब्ध गराउने प्रक्रियालाई व्यवस्थित गर्नका लागि पेश भएको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ लाई पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**
गाउँपालिकाको दररेट निर्धारण समिति सम्बन्धमा ।

**निर्णय नं. ८ :-**
घरपझोङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम १५८ दररेट निर्धारण समिति ( १)(घ) को प्रयोजनका लागि यस गाउँ कार्यपालिकाका सदस्य श्री राजु प्रसाद लालचनलाई सदस्य तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**
स्थानीय बाल अधिकार समितिमा सदस्य तोक्ने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**
स्थानीय बाल अधिकार समितिमा गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्था मध्ये गाउँपालिकाले मनोनयन गरेको १ जना प्रतिनिधि सदस्य रहने व्यवस्था अनुसार हे.अ. श्री निश्चल वि.क.लाई तोकिएकोमा निजले राजिनामा दिएकोले जोमसोम स्वास्थ्य चौकी, ठिनीका प्रमुख सदस्य रहने गरी तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**
भूमी वर्गीकरणको अन्तिम प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. १० :-**
यस गाउँपालिकाको भूमी वर्गीकरणको सम्बन्धी कार्य गरेको Global Engineering Consultancy Pokhara, Kaski ले तयार गरी पेश गरेको र घरपझोङ गाउँपालिकाको भूमि वर्गीकरणको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८१।०३।३०

प्रस्ताव नं. ११ :-

स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको र कार्यालय सहयोगीको करार पदपुर्ति गर्ने सम्बन्धमा ।

निर्णय नं. ११ :-

मार्फा स्वास्थ्य चौकीमा करारमा कार्यरत एक जना हेल्थ असिस्टेन्टले राजिनामा दिएकोले उक्त पदमा स्थायी पदपुर्ति नहुन्जेल सम्मका लागि एक जना हे.अ. (पाँचौ तह) करारमा पदपुति गर्ने साथै गाउँसभाको १३औं अधिवेशनबाट स्वीकृत दरबन्दी अनुसार स्याङ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा एक जना हे.अ.( पाँचौ तह) करारमा पदपुर्ति गर्ने र गाउँसभाको १३औं अधिवेशनबाट स्वीकृत भएको चिमाङ आधारभुत स्वास्थ्य केन्द्रमा एक जना कार्यालय सहयोगी करारमा पदपुर्ति गर्ने सर्वसम्मत निर्णय गरियो । साथै हे.अ.को हकमा हाल स्वास्थ्य चौकीमा करारमा कार्यरत समान तहको कर्मचारीले पाउने पारिश्रमिक उपलब्ध गराउने र कार्यालय सहयोगीको हकमा मासिक पारिश्रमिक रु.१५०००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२ :-

गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) सम्बन्धमा ।

निर्णय नं. १२ :-

गाउँ कार्यपालिकाको कार्यालयबाट लोगोको डिजाईन पेश गर्ने सम्बन्धी पटक/पटक प्रकाशन भएको सूचना बमोजिम यथेष्ट डिजाईन पेश नभएको र पेश भएको लोगोको डिजाईन सम्बन्धमा छलफल हुँदा कुनै पनि डिजाईन स्वीकृत नभएको अवस्थामा घरपझोङ गाउँपालिका ५ नं. वडा ठिनी निवासी श्री निरज थकालीले निवेदन सहित पेश गरेको लोगोको डिजाईनलाई केही परिमार्जन सहित गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १३ :-

पुथाङ ताराखेल मैदानको पर्खाल मर्मत सम्बन्धमा ।

निर्णय नं. १३ :-

यस गाउँपालिका ३ नं. वडा पुथाङमा रहेको ताराखेल मैदानको पर्खाल हालैको वर्षाले गर्दा भत्किएकोले मर्मत गर्ने सम्बन्धमा ३ नं. वडा कार्यालयको सिफारिस समेत प्राप्त भएको हुँदा यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु.१०००००।- र स्थानीय उपभोक्ताहरुको कम्तीमा रु.१०००००।- गरी कम्तिमा रु.२०००००।- बराबरको प्राविधिक मूल्याङ्कन सहित कार्यसम्पन्न प्रतिवेदन प्राप्त भए पछि रु.१०००००।- भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १४ :-

विभिन्न पत्रहरुको सम्बन्धमा ।

निर्णय नं. १४ :-

कोष तथा लेखा नियन्त्रक कार्यालय, मुस्ताङको च.नं.३०७ मिति २०८१।३।१९ गतेको पत्रको व्यहोरा जानकारी भयो पेश भएको सुझाव बमोजिम कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो । साथै

निर्णय प्रमाणित
०८१।०३।२०

बलपार्कको व्यवस्थापन सम्बन्धी विभिन्न मितिको पत्रको सम्बन्धमा [illegible]
व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १५ :-
गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकको कार्यसूची सम्बन्धमा ।
निर्णय नं. १५ :-
गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकको कार्यसूची देहाय बमोजिम रहने सर्वसम्मत निर्णय गरियो ।
देहाय :-

गाउँसभाको १४औं अधिवेशनको दोश्रो बैठकको कार्यसूची

मिति : २०८१।३।३१ गते, सोमवार

| क.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | बिहान १०:१५ | अध्यक्षले गाउँ सभाको १४ औं अधिवेशनको दोश्रो बैठक आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | बिहान १०:३० | आर्थिक बर्ष २०८१।८२ को आर्थिक विधेयक माथिको छलफल तथा स्वीकृति प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ३. | बिहान १०:४५ | आर्थिक बर्ष २०८१।८२ को संशोधित विनियोजन विधेयक पेश तथा छलफल र स्वीकृति प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ४. | बिहान ११:०० | गाउँपालिकाको लोगो सम्बन्धी प्रस्ताव | सुशासन तथा संस्थागत विकास समितिका सयोजक श्री प्रदिप थकाली |
| ५. | बिहान ११:१५ | कर्मचारी तलबी प्रतिवेदन सभामा पेश, छलफल तथा स्वीकृति प्रस्ताव | सुशासन तथा संस्थागत विकास समितिका सयोजक श्री प्रदिप थकाली |
| ६. | बिहान ११:३० | चालु आ.ब.मा कार्यपालिकाको निर्णय बमोजिम भएको खर्च अनुमोदन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ७. | बिहान ११:४५ | अधिवेशन समापन | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

निर्णय प्रमाणित
०८१।०३।३०

घरपझोङ गाउँपालिक
गाउँ कार्यपालिकाको का
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपा